नेपाल सरकार

शिक्षा, विज्ञान तथाप्रविधि मन्त्रालय

पाठ्यक्रम  विकास केन्द्र

सानोठिमी, भक्तपुर

चमेना गृह सञ्चालन सम्बन्धीसिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

दोस्रो पटक प्रकाशित  मितिः २०८०।०३।११  गते

यस केन्द्रको परिसरभित्र चमेना गृह सञ्चालन गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सो कार्य गर्न इजाजत प्राप्त मुल्य अभिवृद्धि करमा आवद्ध इच्छुक योग्य व्यक्ति, फर्म तथा संघ/संस्थाहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्रआह्वान गरिएको छ ।

<u>तपसिल</u>

१) यो सूचना प्रकाशित मितिले सातौं दिनसम्म कार्यालय समय भित्र यस केन्द्रको भण्डार फाँटबाट फर्म दर्ता (नवीकरण सहित), मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आर्थिक वर्ष २०७८/७९ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र लगायतका कागजात र राजश्व दस्तुर वापत रु. १०००।– (फिर्ता नहुने गरी) पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर, कार्यालय कोड ३५००२३३०१ राजस्व खाता नम्बर ००१०१००००००००१००१००१ नेपाल बैंक लिमिटेडमा जम्मा गरी सोको सक्कल भौचर संलग्न राखी चमेना गृह सञ्चालन सम्बन्धीसिलबन्दी दरभाउपत्रसम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

२)चमेना गृहको लागि खरिद भएका दरभाउपत्रहरु यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले आठौं दिन दिनको १२:०० बजेभित्र यस केन्द्रको नाममा सम्बोधन गरी दरभाउपत्रदाताको नाम,  ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस केन्द्रको आन्तरिक प्रशासन शाखामा दर्ता गराउन सकिने छ ।

३) दर्ता भएका दरभाउपत्रहरुदरभाउपत्र पेस गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र केन्द्रका प्रतिनिधिहरुको रोहवरमा यस केन्द्रमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४)  दरभाउपत्र  खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन एवम् खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५) दरभाउपत्रमा कबोल गरेको चमेना गृहमाखपत हुने परिकारको दर रेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउपत्रदाताको सही छाप भएको हुनु पर्नेछ ।

६) म्याद नाघी आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

७) कार्यालयले तोकेको योग्यता पुरा गर्ने र कम औसत (जम्मा) प्रस्तावित मुल्य दररेट भएको प्रस्तावलाई स्वीकृत गरिने छ। साथै कार्यालयले निर्धारण गरेको आधार दररेट भन्दा बढी दररेट प्रस्ताव भएको दरभाउपत्र स्वीकृत गरिने छैन ।

८) एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

९) दरभाउपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ ।

१०) सिलबन्दी दरभाउपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने कागजातहरु सिलबन्दी दरभाउपत्रसाथ (सिलबन्दी खाम भित्रै) पेस गर्नु पर्ने छ । ग्राह्यता सम्बन्धी कागजातमा निम्न लिखित कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई समावेश गर्नुपर्ने छ ।

क) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र (नवीकरण सहित)

ख) मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र,

ग) आर्थिक वर्ष ०७८/७९ सम्मको कर चुक्ता गरेको प्रमाण पत्र,

घ) कम्तिमा ३ वर्षको समान प्रकृतिको कार्यानुभव प्रमाणित गर्ने कागजात,

ङ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम २ (ङ) सँग सम्बन्धित घोषणा पत्र।

११) सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१२) दरभाउपत्रसम्बन्धी थप जानकारी आवश्यक परेमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरको फोन नं. ०१५६३९१२२ मा सम्पर्क राखी बुझ्न सकिने छ ।